प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, उदयपुर
कोशी प्रदेश, नेपाल

फोन नं.: ०३५-४२२१३०,४२२२६३
Email: akcudaypur@gmail.com
Website: udayapur.akc.gov.np

पत्र संख्या :२०७९/८०

**सूचना । सूचना ॥ सूचना ॥।**

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/११/२२ गते**

यस कृषि ज्ञान केन्द्र, उदयपुरको चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि,२०७९ बमोजिमका शर्तहरु पालना गरी तपशिलका कार्यक्रम कार्यान्वयनका लाँगि यस जिल्लाको उल्लेखित स्थानीय तहका **कृषि व्यवसायमा सम्लग्न रहेका** इच्छुक सामुदायिक वीउ बैक, कृषि सहकारी संस्था/ कृषक समूह/ कृषि फर्म/कृषि उद्यमीहरुवाट तपशिल अनुसारका आवश्यक कागजातहरु सहित यो सूचना प्रकासन भएको मितिले १५ दिन भित्र (मिति २०७९/१२/०६ गते सम्म) तोकिए अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु हुन सम्पूर्ण कृषक महानुभावहरुमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र,उदयपुरको कृषि ज्ञान केन्द्रको फेसवुक पेजमा र सम्पर्क नं ०३५ ४२२१३० मा वा ९८४२२५७६२१/ ९८५२८२९१३० सम्पर्क गर्न सकिनेछ ।

| क्र.स | आयोजना/कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थानीय तह | बाली | बिनियोजित बजेट रु. लाखमा | संचालन गर्न सकिने क्रियाकलापहरु |
|---|---|---|---|---|---|
| १ | धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | बेलका नगरपालिका र उदयपुरगढी गाउँपालिका | धान | ३०.८० | मसिनो धानको उन्नत वीउ, कृषि मेशिनरी उपकरण, प्रशोधन तथा बजारिकरणमा ५० % अनुदान |
| २ | रैथाने वाली प्रवर्द्धन कार्यक्रम | कटारी नगरपालिका र रौतामाई गाउँपालिका | रैथाने वाली | १०.७० | बजार प्रवर्द्धन तथा उत्पादन लागत घटाउन मेशिनरी उपकरण खरिदमा ५०% अनुदान |
| ३ | निजिस्तरमा च्याउ वीउ उत्पादन केन्द्र स्थापना | सवै पालिका (च्याउ ब्लक तथा पकेटका तर प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रमवाट लाभ लिएका व्यात्ति बाहेक) | च्याउ | १५.०० | प्रयोशाला भवन/पुर्वाधार निर्माण, मेशिनरी औजार उपकरण रसायन तथा ग्लासवेयरहरु खरिद (बजेट परिधि भित्र रहि आवश्यकतानुसार ) |
| ४ | स्रोत वीउ उत्पादनका लागि पुर्वाधार तथा प्रशोधन विकासमा सहयोग | सवै पालिका (वीउ उत्पादन, आपुर्ति तथा व्यवस्थापन निर्देशिका,२०७८ बमोजिम) | वीउ | २०.०० | वीउ भण्डारण कक्ष निर्माण, थ्रेसिङ्ग फ्लोर निर्माण तथा मर्मत सुधार, कृषि मेशिनरी उपकरणमा तथा प्रशोधन र बजारिकरणमा प्रयोग हुने सामग्रीहरुमा ५०% अनुदान (बजेट परिधि भित्र रहि आवश्यकताको आधारमा) |

योगेन्द्र यादव
निमित्त प्रमुख

**आवश्यक कागजातहरुः**

१. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा नविकरण
२. संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी ।
३. आ.व.२०७८।७९को लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि।
४. आ.व.२०७८।७९को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
५. समूह तथा सहकारी संस्थाको हकमा बैठक निर्णय प्रतिलिपि ।
६. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
७. सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखाको सिफारिस पत्र ।
८. कार्यक्रम संचालनका लागि रु. १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आबेदन र प्रस्तावित कार्ययोजना ।
९. जग्गाको क्षेत्रफल र स्वामित्व वा हक भोक खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
१०. सम्बन्धित विषयमा प्राविधिक ज्ञान भए सो को प्रतिलिपी ।
११. आवेदकले दोहोरो अनुदान अन्य निकायबाट नलिएको वा नलिने स्वःघोषणा पत्र ।
१२. लिजमा लिएको जग्गाको हकमा १० वर्षे करारनामा वा निर्माणको हकमा २० वर्षको करारनामा वा सम्झौता पत्र ।
१३. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।
१४. प्रस्तावना निवेदन दस्तुर व्यात्तिगत रु. १०० र संस्थागत रु. २०० कृषि ज्ञान केन्द्र, उदयपुरको कार्यालय कोड नं. ३१२०१११०११ राजश्व शिर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।आवश्यक जानकारीको लागी कृषि ज्ञान केन्द्र, उदयपुरको फोन नं. ०३५-४२२२६३/४२२१३० मा सम्पर्क गर्न सक्नुहुनेछ। कृषि तथा पशुपंक्षि विकास मन्त्रालय, सिंहदरवार,काठमाण्डौको वेबसाइट moald.gov.np बाट " प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि,२०७९" डाउनलोड गरी हेर्न सकिनेछ ।